विचार

{ परम्परा मानिसभन्दा ठूलो होइन। हामीले त्यसलाई संशोधन मात्र गर्ने होइन, जरादेखि नै निमोठी फाल्नुपर्छ।
- पारिजात

{ साहित्य, कला र संगीत, यी तीन कुरामा एउटै पनि नजान्ने मानिस पुच्छर र सिङ नभएको पशुसरह हुन्छ।
- भर्तृहरि

सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

परीक्षा नियन्त्रण कार्यालयको गैरजिम्मेवारीपन

माध्यमिक शिक्षा परीक्षा (एसईई) कक्षा १० को परीक्षाफल प्रकाशित गर्दा व्यापक त्रुटि भेटिएको छ । विद्यार्थीको भविष्यमाथि नै प्रश्नचिह्न खडा गर्ने गरी परीक्षाफल प्रकाशित हुनुले परीक्षा नियन्त्रण कार्यालयमाथि नै गम्भीर प्रश्न जन्माएको छ । परीक्षाफलमा आएको फरक-फरक परिणामले विद्यार्थी र अभिभावकलाई नै अलमलमा पारेको छ । परीक्षामा सहभागी हुने हरेक विद्यार्थीको भविष्यसँग जोडिएको विषय हो यो । परीक्षा नियन्त्रण कार्यालयले लामो तयारीका साथ परीषाफल सार्वजनिक गर्ने गरेको छ । लामो समयको तयारीपछि सार्वजनिक भएको नतिजामा किन फरक पर्न गयो ? प्राविधिक त्रुटि विगतका वर्षहरूमा पनि हुने गरेको थियो । त्यो नगन्यरूपमा मात्र चर्चा हुन्थ्यो । तर यसपटक विद्यार्थीको भविष्यमा खेलबाड गर्दै विद्यार्थीले पाउनुपर्ने विषयगतरूपमा नै नम्बर कसरी छुट्न गयो ? परीक्षाफलमा अंक नै छुट्नुले नतिजाको विश्वसनीयतामाथि नै प्रश्न उब्जाएको छ ।

यसरी प्राविधिक त्रुटि हुनुमा परीक्षा नियन्त्रण कार्यालयको खेलबाड नै प्रमुख कारण मानिन्छ । परीक्षाफल प्रकाशित गर्नुअघि त्यसको बारेमा पर्याप्त अध्ययन-अनुसन्धान नगर्दा नै प्राविधिक त्रुटि हुन गएको देखिन्छ । यदि इन्ट्री गर्न बाँकी थियो भने त्यसको व्यवस्थापन नगरी किन हतार-हतार नतिजा प्रकाशन गरियो ? परिणाममा देखिएको त्रुटिको कारण पत्ता लगाउनका लागि छानबिन समिति गठन गरिएको छ । सो समितिले निष्पक्ष र प्रभावकारीरूपमा छानबिन गरी दोषीलाई कडा कारबाही गर्न सिफारिस गर्नुपर्छ । परीक्षाफल प्रकाशनमा के कारणले त्रुटि भएको हो ? त्रुटि हुनुमा दोषी को-को हुन् ? यसको यथार्थ जानकारी सार्वजनिक हुनुपर्छ ।

परीक्षा नियन्त्रण कार्यालयले शृङ्खलाबद्धरूपमा लापरबाही गरेको प्रमाण सार्वजनिक हुनुले लाखौं विद्यार्थीको भविष्य अन्यौलमा पार्न सक्छ । यतिसम्म कि प्रकाशित एसईईको नतिजाअनुसार एक विद्यालयको परीक्षाफल नै प्रकाशित नभएको फेला परेको छ । परीक्षा नियन्त्रण कार्यालयको कारण विद्यालयमाथि नै अभिभावकले प्रश्न उठाएका छन् । परीक्षा बोर्डले इन्ट्री गर्न भूल भएको बताउँदै आएको छ । यसरी दोहोऱ्याएर टाडा इन्ट्री हुँदा कतै विद्यार्थीको भविष्य नै अन्यौलमा पर्ने हो कि भन्ने चिन्ता पनि थपिएको छ । परीक्षा बोर्डले प्रकाशित गरेको नतिजामा कोड नम्बर ९४७ रहेको उक्त विद्यालयको सिम्बोल नम्बर ०३१९२०० देखि ०३१९२३१ सम्मको विद्यार्थीको जीपीए उल्लेख भएको छैन । विद्यार्थीको भविष्य अन्यौलमा पार्ने गरी नजिता सार्वजनिक हुनु गैरजिम्मेवारीपना हो । त्यसैले त्रुटिको कारण पहिचान गरी आगामी दिनमा यस्ता त्रुटि दोहोऱ्याउन नदिने विषयमा सरकार चनाखो हुनुपर्छ ।

लेखकहरूलाई अनुरोध

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

आममाफी प्रकरण

राजनीतिक र न्यायिक कसीमा

बालकृष्ण मैनाली

आरोपित कसुर सम्बन्धित न्यायिक निकायबाट ठहर भई कैद सजाय भोगिरहेको व्यक्ति सजाय भुक्तान गर्ने क्रममा रहिरहेको अवस्थामा माफी मिनाहा पाउनको निमित्त कसुरदारका चालचलन, अफूले गरेको कसुरविरुद्ध गरिएको पश्चात्ताप, पीडकद्वारा पीडितलाई गरेको सहयोग, पीडकलाई पीडा कम गर्न लगाइएका मलहमपट्टी सबैको एक-एक विश्लेषण गरी पीडितको सहमतिमा बाँकी कैद सजाय माफी मिनाहा गर्ने कुरामा राज्यले पहलकदमी लिनुपर्छ। यसरी लिइएको पहलकदमीमा प्रायः कसैको विरोध हुँदैन र अनि कसैलाई थप पीडा पनि पुग्दैन। विदेशमा कसुर प्रमाणित भई फाँसीको सजाय सुनाइएको व्यक्ति पनि 'ब्लड मनी'को माध्यमबाट पीडितको समस्यालाई सम्बोधन गरेर सजाय कार्यान्वयन नगरी आममाफी दिने प्रचलन पनि छ। भलै नेपालमा यस किसिमको व्यवस्था छैन, तथापि कुनै न कुनै कोणबाट पीडितको आवाज सुनिनुपर्दथ्यो भन्ने आमधारणालाई अहिलेको आममाफी प्रकरणमा पूरा बेवस्ता गरियो।

नेपालको सन्दर्भमा ब्लड मनीको व्यवस्था त छैन, तथापि अदालतबाट कसुर प्रमाणित भई कैद सजाय भोगिरहेका व्यक्तिलाई पीडितको असहमति भए पनि मन्त्रिपरिषद्ले निर्णय गरेर सो निर्णयलाई राष्ट्रपतिले माफी मिनाहा दिए बाँकी सजाय भोग्नु नपर्ने व्यवस्था संविधानले गरेको छ। संविधानको यो धाराको सदुपयोग र दुरूपयोगको पाटा भने आफ्नै ठाउँमा छन्। अहिले माफी प्रकरणको चर्चामा छन् बालकृष्ण ढुंगेल। हालै गणतन्त्रको अवसर पारेर अदालतबाट कसुर प्रमाणित भई कैदी जीवनयापन गरिरहेका ८१६ जनालाई बाँकी सजाय कैद माफीको लागि गएको जेठ १३ गतेको मन्त्रिपरिषद्को बैठकले निर्णय गरी राष्ट्रपतिसमक्ष सिफारिस गरिएको र त्यसलाई राष्ट्रपतिले अनुमोदन गरिदिएपछि ८१६ जना जेलजीवनबाट मुक्त भएका छन्। त्यस ८१६ मध्येमा पारिएका एक हुन् बालकृष्ण ढुंगेल।

बालकृष्ण ढुंगेल जेलमुक्त प्रकरण त्यति सहज हुन सकेन। यो विषयलाई लिएर राज्यका तीन महत्वपूर्ण अंगहरू राष्ट्रपतिको कार्यालय, कार्यपालिका र न्यायपालिका एकैचोटि विवादकोको घेरामा तानिन पुगे। ढुंगेल जेलमुक्त प्रकरण व्यापक समर्थन र विरोधबीच चर्चापरिचर्चाको विषय बन्न पुगेको छ र यो विषय तत्काल सेलाइहाल्ने अवस्थामा पनि देखिँदैन। ढुंगेल कारागारबाट रिहाइ भएपछि उनको समर्थनमा भन्दा विरोधका स्वरहरू व्यापकरूपमा बाहिर आइरहेका छन्। एक-अर्कामा आरोप-प्रत्यारोप तीव्ररूपमा जारी छ। यथार्थमा यो प्रकरणले सरकारले अगाडि सारेको कामहरूको मूल्यांकन गर्दै कतै देशको वास्तविक समस्यालाई सम्बोधन गरेर देश विकासमा गति लिन खोजेको हो कि भन्ने आशामा रहेका मतदाता र शुभेच्छुकहरू सरकारको यो कार्यले झस्किन पुगेका छन्।

यो विषयलाई नजिकबाट नियाल्नेहरू तत्कालीन माओवादी केन्द्र समर्थकका केही नेता तथा व्यक्तिहरूदेखिबाहेक तत्कालीन एमालेका नेता तथा कार्यकर्ताहरूसमेत यो कार्यबाट सन्तुष्ट देखिएका छैनन्। आमनागरिकको धेरै हिस्सा ढुंगेल जेलमुक्त प्रकरणविरुद्ध देखिएका छन्। कांग्रेसले संसद्मै यस कार्यको विरोध गरेको छ भने विवेकशील साझाले पनि सरकारले गरेको यो कार्यप्रति विरोध जनाएको छ। यसै प्रसंगमा राज्यको तर्फबाट गम्भीर प्रकृतिको फौजदारी अभियोगमा अदालतको फैसलाले थुनामा रहेको व्यक्ति विनाप्रायश्चित्त राजनीतिकर्मी रहेकै कारण र त्यही राजनीतिक दबाबकै भरमा आममाफीको सूचीमा पर्न सफल हुन्छ भने अब कानुनको शासन कसरी स्थापित हुन जान्छ भनी उठेको प्रश्न नाजायज हुँदै होइन।

> राज्यको तर्फबाट गम्भीर प्रकृतिको फौजदारी अभियोगमा अदालतको फैसलाले थुनामा रहेको व्यक्ति विनाप्रायश्चित्त राजनीतिकर्मी रहेकै कारण र त्यही राजनीतिक दबाबकै भरमा आममाफीको सूचीमा पर्न सफल हुन्छ भने अब कानुनको शासन कसरी स्थापित हुन जान्छ भनी उठेको प्रश्न नाजायज हुँदै होइन।

जेल रिहाइपछि पनि आफूले गरेको गलत कार्यप्रति कुनै पश्चात्ताप देखिँदैन, बरु उल्टो केही वकिल र मानवअधिकारवादीलाई एकथाल स्वादिलो भातमा लोभिएको उपमा प्रदान गर्दै आफूले गरेको हत्या सही भएको र त्यसबापत कुनै सजाय भोग्नु नपर्ने कुराको तर्क सामाजिक सञ्जालमा राखेर थप भ्रम छर्ने काम भयो भने पेरिस डाँडामा ढुंगेललाई माल्यार्पणसहित स्वागत गर्ने क्रममा डलरवादी होसियार भन्दै केही समर्थकहरूलाई नारा लगाउन लगाएर रिहाइको औचित्यता प्रमाणित गर्ने कोशिश हुन गयो, जुन सर्वथा अनुचित थियो। नेपालको सन्दर्भमा डलरवादी, भारुवादी, युरोवादी अनि अन्य विदेशी मुद्रावादी छ्यापछ्याप्ती छन्। खोज्दै जाँदा पाइलैपिच्छे भेटिन्छन्। स्वयम् तत्कालीन माओवादी पनि डलरवादीबाट अछूतो थिएनन्। समग्रमा देश अहिलेको अवस्थामा विदेशी सहयोग र अनुदानकै महत्वपूर्ण हिस्साबाट चलेकोमा विमति छैन तर देशको स्वार्थको लागि कति हिस्सा प्रयोग भयो र आफ्नो विशिष्ट रुचिको लागि कति हिस्सा प्रयोग भयो, फरक त्यत्ति मात्र हो।

हत्याको राजनीतिले कुनै पनि देश कहिल्यै उँभो लाग्दैन र लागेको पनि छैन। विश्वमा घटेका घटना-परिघटनाले पनि यसलाई प्रमाणित गरिरहेको छ। यसर्थ राजनीतिक कारणले नै भए पनि कुनै पनि पक्षबाट चाहे त्यो राज्यपक्षबाट भएको होस् या विद्रोही पक्षबाट भएको होस्, भएको मानव हत्यालाई सर्वस्वीकार्य मान्न सकिँदै सकिँदैन। यस किसिमको कार्यले भाषणमा र घोषणापत्रमा भनेझैं कानुनको शासन स्थापना हुँदैन, बरु उल्टो देशमा दण्डहीनता मौलाउँदै जाने खतरा हुन्छ। एकक्षणको लागि राजनीतिक कारणले नै मान्छे मारिएको कसुरमा आरोपित व्यक्तिले अदालतबाट सजाय पाइसकेपछि राजनीतिक दाउपेच अनि संविधान र कानुनको छिद्र प्रयोग गरी अदालतको नजिरसमेतलाई एकातिर पन्छाएर माफी मिनाहा गर्ने कार्यलाई अगाडि बढाउँदै लाने र यस किसिमका कार्यलाई निरन्तरता दिँदै जाने हो भने के देशमा शान्ति सुव्यवस्था कायम हुन सक्ला ? कानुनको मर्यादा रहला ? भन्ने खालका बारम्बार उठिरहेका प्रश्नलाई यो प्रकरणले गर्दा पुनः उठाउनुपरेको छ। देशले गति समाउनुपर्ने ठाउँमा यस्ता गतिविधिले प्रश्रय पाउनु भनेको जनतालाई अझै भ्रममा राख्ने प्रयास गर्नु हो।

ढुंगेल कारागारबाट रिहा भएपछि आफ्ना समर्थकहरूका माझमा रिहाइ भएको खुशीयालीमा आयोजना गरिएको माल्यार्पण कार्यक्रममा सहभागी भई जुन किसिमको अलापविलाप गर्दै वकिल र मानवअधिकारवादीहरूलाई एकथाल स्वादिलो भातमा बिकेर आफ्नो विरुद्ध लागेको भन्ने जस्ता भ्रम सिर्जना गर्ने अभिव्यक्ति सामाजिक सञ्जालमार्फत फैलाउँदै आफ्नो रिहाइको सम्मान आफैंले गर्ने प्रयत्न गरे। देश अहिलेको वर्तमान विसंगतिमा रुमल्लिनुपरेको मुख्य कारण एकथाल भातमा रमाउने केही वकिल वा मानवअधिकारवादी मात्रै होइनन्, हरेक तह र तप्काहरू पनि एकथाल भात र एक पेग हिवस्कीमा रमाएका कारण नै देशको यो दुर्दशा भएको हो। अब के यस्ता भनाइलाई आधार मानेर राजनीतिक कारणले नै कसैलाई मारेको विषयमा कारबाही गरिनुहुन्न र गरिएको भए तापनि माफी मिनाहा तुरुन्त पाइहाल्नुपर्छ भन्ने सोच पलाउन खोजेको हो ? यदि हो भने यस किसिमका सोच र व्यवहारले कसैलाई हित गर्दैन। यस्ता सोच र कार्यहरू यथार्थपरक हुँदै होइनन् र परिष्कृत गरिएको भनिएको राजनीतिक संस्कारभित्र पनि यस्ता विषयहरू पर्दैनन् र पारिनु पनि हुन्न।

वास्तवमा यो प्रकरणमा राज्यका तीनवटा महत्वपूर्ण अंगहरू राष्ट्रपतिको कार्यालय, मन्त्रिपरिषद् र न्यायपालिकाको आ-आफ्नो भूमिका अचम्मैसँग प्रस्तुत हुन पुगेको प्रायले महसुस गर्न पुगे। वामएकताको सरकार गठन हुनुपूर्व पनि ढुंगेल माफी प्रकरण सतहमा नआएको होइन। थुनामा जानुपूर्व नै बाबुराम भट्टराई प्रधानमन्त्री भएको बेलामा पनि यो आममाफीको प्रकरणले चर्चा पाएको थियो र त्यति बेला तत्कालीन एमाले वृत्तबाट नै आममाफीको विरोध भएको थियो। कतै त्यो बेला एमालेको हैसियतामा विरोध गरिएको भए तापनि अहिलेको वामएकताको विभिन्न सर्तहरूमध्ये यो पनि एक सर्त थियो कि भन्न संशय यो परिघटनाले पैदा गरिदिएको छ। यदि घटनाक्रमले यो सत्यलाई प्रमाणित गरिदियो भने वामएकता पक्षधरहरूको जनमत हवात्तै घट्न जाने कुरामा कुनै द्विविधा नपाले हुन्छ।

राष्ट्रपतिको भूमिका पनि यो विषयमा सन्तुलित र स्वतन्त्र रहन सकेन। यस घटनापूर्व पनि विभिन्न विषय र मुद्दाहरूमा स्वतन्त्र राष्ट्रपतिको हैसियतले निभाउनुपर्ने भूमिका ननिभाएको सन्दर्भमा बारम्बार आलोचित बन्दै आएको राष्ट्रपतिको कार्यालय यस विषयमा पनि आलोचित बन्न पुग्यो। कुनै पनि फौजदारी अभियोगमा अदालतको आदेश र फैसलाले कैद भोगिरहेको व्यक्तिलाई दिइने आममाफीको सम्बन्धमा मन्त्रिपरिषद्बाट सिफारिस भई आए तापनि त्यसलाई तत्काल कार्यान्वयनमा जानुभन्दा त्यस विषयमा पीडितको मनोभावना र जनइच्छा बुझ्नु अनिवार्य आवश्यकता मानिने गरिन्छ। यो विषयमा राष्ट्रपति कार्यालयले सामान्यरूपमा ध्यान दिएको पनि पाइएन र यसमा पनि राष्ट्रपतिको कार्यालय आलोचनाको पात्र बन्नुपऱ्यो।

सत्ता सञ्चालनमा रहेकाहरूकै पहलमा आममाफी प्रकरणमा ढुंगेल रिहा हुँदै छन् भन्ने कुराको जानकारी पाएर रिटमार्फत सर्वोच्च अदालतलाई प्रयोग गरी रिहाइ रोक्ने प्रयास भयो। त्यो प्रयास पनि सर्वोच्च अदालत आफैंले प्रतिपादन गरेको नजिर विपरीत गएको कारण सफल हुन सकेन। यो विषयलाई लिएर अदालत पुनः विवादको घेरामा तानिन पुगेको छ। जबसम्म अदालतको माध्यमबाट न्याय प्रदान गर्ने न्यायकर्ताहरू राजनीतिक नियुक्तिको लागि लालायित देखिन्छन् र त्यही अनुसार नियुक्ति हुन्छन्। र, नियुक्तिको लागि क्षमता र जनताले अपेक्षा गरेको भन्दा राजनीतिक आवरणलाई नै प्राथमिकता प्रदान गरी नियुक्ति गर्ने कार्य गरिन्छन् भने न्यायालयबाट प्रदान गरिने न्यायमा विचलित आउने सम्भावना धेरै रहन जान्छ। न्यायालय सरकारको कुनै पनि अंग र निकायसँग डराउने होइन र डराउनुहुँदैन पनि। न्यायालयले यदि डर पाल्ने हो भने अन्यायसँग मात्र डराउनुपर्छ, अरूसँग होइन। अदालतको फैसलाबाट हार्ने मान्छे वा हार्ने सेवाग्राहीले पनि आफ्नो जितेको महसुस गर्न सक्नुपर्छ। यदि त्यस्तो न्याय प्रदान गर्ने क्षमता न्यायलयले राख्न सक्यो भने अन्यायीहरूले अन्याय गर्ने कुनै अवसर नै पाउँदैनन्। सरकारले यी विरोधका विषयहरूलाई कसरी सम्बोधन गर्दछ ? त्यसैमा सरकारको आगामी सफलता वा असफलतासम्बन्धी कुरालाई जनताले आँकलन गर्नेछन्।

(लेखक मैनाली अधिवक्ता हुनुहुन्छ।)

पाठक पत्र

सत्ता, भत्ता र जत्था

हाम्रो जस्तो मुलुकमा अहिलेको घडीमा धेरै रेलको खाँचो छैन, जुन मुलुकमा समस्या छन् त्यसलाई पहिला सरकारले निर्मूल गर्नु आवश्यक छ। बाटोघाटो, धूलो-धुवाँको समस्या उस्तै, एयरपोर्ट, फास्ट ट्र्याक आदिको समस्या उस्तै, यसबाहेक उद्योग विकासमा सुस्तताको समस्या उस्तै, तैपनि हामी गौरव गर्दछौं कि उद्योग, हस्पिटलको विकास, स्कुल-कलेजको विकास, यस्ता जतिसुकै विकासको कुरा गरे पनि सामानको निर्यातभन्दा आयात नै बढी हुन्छ। हस्पिटलको कुरा गर्ने हो भने, निम्न-मध्यम वर्गका व्यक्तिले हस्पिटलमा उपचार गर्न गाह्रो भएको छ। हाम्रो देशमा जतिसुकै स्तरीय स्कुल-कलेज बने पनि भविष्यमा यहाँका विद्यार्थी विदेशीकै नोकर हुने हो, कि कसो ? त्यसकारण वर्तमान सरकारले धेरै गफ गर्न छोडेर यी कुरालाई कसरी सम्बोधन गर्ने भनी अगाडि बढ्नुपर्दछ।

हाम्रो जस्तो मुलुकमा सरकारलाई हरसमय दुई-तीनवटा कुराले सताइरहेको हुन्छ। पहिलो सत्ता-भत्ता, दोस्रो इच्छाशक्ति र दूरदर्शिताको कमी, अर्को मेहनत नगरी आउने रकमहरूको आशा जस्तै- कर, रेमिट्यान्स र विदेशी सहयोग। जबसम्म सरकारले यस्ता रकमको तहबह मिलाउन सक्दैन तबसम्म मुलुकमा सधैं भाँडभैलो भइराखेको हुन्छ। जबसम्म सरकारले यी कुरामा कडाइ र ठूलो सोच अपनाउँदैन तबसम्म केही हुनेवाला छैन। हामीले यस्ता कुरालाई धेरैपल्ट दोहोऱ्याइसक्यौं, यस्ता रकमबाहेक देशमा रहेका आयस्रोतहरू जस्तै- जलस्रोत, कृषि, पर्यटनलाई नै राज्यले द्रुत गतिमा ठेल्दै लैजानुपर्दछ, तर यो मुलुकमा सधैं कुरा एउटा हुन्छ काम भने अर्कै भइराखेको हुन्छ।

अहिले आएर हाम्रो देशमा पनि धेरै थरीका धनीवर्ग छन्। यीमध्ये नेता, उद्योग व्यवसायी, जग्गाधनी, गैरआवासीय, चलचित्रकर्मी, मारवाडी आदिको पनि मुलुकमा आर्थिक योगदानको उत्तिनै खाँचो देखिन्छ, जति सरकारको हुनुपर्ने हो। अरू पनि धेरै थरीका धनीवर्गहरू यहाँ छन्, जसले उद्योग विकासका साथै समाज, टोल, गाउँमा योगदान पुराउँदै जाने हो भने यो मुलुकको विकास टाढा छैन। यसबाहेक जनसमुदायको राम्रो सोच तथा श्रम योगदानको पनि उत्तिकै खाँचो छ। भनाइको मतलब हामीले सधैं सरकार र नेताहरूको मुख मात्र ताकी गाली गरेर मुलुकको विकास हुने कुरा होइन। तर यिनीहरूलाई समय-समयमा हामी सबै मिली प्रेसरचाहिँ दिइराख्नुपर्छ।

अहिलेको परिप्रेक्ष्यमा मुलुकमा विकासका कुरा गर्दा सवारीसाधन, धूलो, धुवाँ, बाटोघाटो, रमणीय स्थल, मठ-मन्दिर व्यवस्थित हुनु। यी चीजको विकास हुनु पनि विकासको एउटा ठूलो अंग मान्न सकिन्छ। तर हामीले जति पनि बाटोघाटो प्रयोग गर्दा, रमणीय स्थलमा जाँदा तथा मठ-मन्दिरहरू फोहोर तथा अव्यवस्थित हुँदा सरकार, सम्बन्धित निकाय, सर्वसाधारण आदि उत्तिनै दोषी देखिन्छन्, जुन भनिराख्नुपर्ने कुरा होइन। तर अब यस्तो हुनुभएन, सबै पक्षहरू निःस्वार्थ भई यी चीजको विकास गर्नु पनि अहिले उत्तिकै जरुरी छ। यो मुलुकमा एउटा विडम्बना र दुःख लाग्दो कुरा के छ भने, सरकारमा रहने सत्तापक्ष सधैं कानमा तेल हालेर बसिराखेको हुन्छ भने प्रतिपक्षहरू सधैं आफ्नो कार्यकालमा केही नगर्ने सरकारबाट वाहिरिएपछि सत्तापक्षलाई गाली, आलोचना, खण्डन मात्र गरिरहेरहेका हुन्छन्, जुन घिनलाग्दो र एकदम गलत कुरा हो। बरु यसको साटो परिवर्तन नभएर एक-अर्कालाई सहयोग गरौं, ताकि मुलुकमा सत्तापक्षलाई काम गर्न त सजिलो हुन्छ र भोलि आफ्नो पनि पालो आउँछ भन्ने सोच राख्नुपर्दछ।

जुनसुकै सरकारले मुलुकको विकास भइराखेको छ भनेर दाबी गरे पनि त्यसमा जनताले विश्वास गर्न गाह्रो भएको छ। अहिलेको परिप्रेक्ष्यमा उद्योगको विकासलाई द्रुत गतिमा लैजाने हो तर सधैं आयात बढी निर्यात कमका कुरालाई लिने हो भने कसरी मुलुक विकासको बाटोमा गइराखेको छ भनेर विश्वास गर्ने ? शायद यसैको उपज हो अझै बेरोजगार, बैंकको तरलता, सुस्त विकास, आर्थिक ऋण भार आदि।

अहिले मुलुकको अवस्था हेर्दा यहाँ समस्याको समाधान र विकास गर्नुपर्ने कुरा धेरै छन्। त्यसकारण यस्तो अवस्थामा धेरै रेल सपना मात्र बोकेर बस्नु ठीक होइन जस्तो लाग्छ। यस्तो बेलामा अहिलेको लागि कसरी सर्वप्रथम उद्योग, फास्ट ट्र्याक, अन्तर्राष्ट्रिय एयरपोर्ट, षलाइङ ओभर ब्रिज तथा बाटोघाटो नै निर्माण गर्ने हो। र, यसमा जोड दिने हो। अहिले आएर वर्तमान सरकार गफाडी नभई यी कुरामा अग्रसर हुने हो भने पक्कै पनि हाम्रो मुलुकमा द्रुत विकास हुन समय लाग्नेछैन।

-रमेश केशरी वैद्य, क्षेत्रपाटी, काठमाडौं

जनप्रतिनिधिको मूल्यांकन गर्न जरूरी

नताले गाउँमा सिंहदरबार आएको र स्थानीय सरकारबाटै जनताको आवश्यकताका धेरै कामहरू वडास्तरबाट भएको विश्लेषणसँगै त्यसको मूल्यांकन गर्नुपर्ने बेला आएको छ। विगतको असारको चटारोको सामान्य विश्लेषण गर्ने हो भने अहिले त्यसको कार्यबोझ सबै गाउँ र नगरपालिकामा पुगेको छ।

रातो किताब बोकेर सदरमुकामका विभिन्न होटलहरूमा मदिरा सेवन गर्दै कामदारको फर्जी उपस्थिति भर्नेदेखि सामाजिक परीक्षण गरिएका फर्जी विवरण बनाउनेहरूको धेरै भीड देखिन्थ्यो। प्राविधिकहरू गाउँ नपुगेरै, योजनाको अनुगमन नगरेरै फरफारक गर्नुपर्ने अवस्थामा कमिसनसम्मका कामहरू धेरै हुने उदाहरणहरू यसअघि नभएका पनि होइनन्।

तत्कालीन समयमा देशभरका जिल्लाभरको विकासको गुणस्तर, पैरवी र भुक्तानीको जिम्मा पाएको जिल्ला विकास समिति र जिल्ला प्राविधिक कार्यालय अहिले समन्वय समितिको मातहतमा सबै निकायको अनुगमनको जिम्मेवारीमा छन्। समन्वय समितिले अनुगमनपश्चात् दिएका सुझावहरू पालना नगरेरै विकासका रकमहरू भुक्तानी भएको भन्ने गुनासो स्थानीय सरकारले सम्बोधन गर्न सकेको छैन। असारपछिबाट मात्रै स्थानीय सरकारले गरेको १ वर्षको कामको शुरूवातसँगै कामको मूल्यांकनको शुरूवात हुने देखिएको छ। यो वर्षको काम र स्थानीय सरकारका सबै तहमा भएका जिम्मेवार व्यक्तिहरूको आचरणले आगामी वर्षका कामहरूको मूल्यांकन र विश्लेषण हुने देखिएकोले यो वर्ष नै सचेतना अपनाउनु सबैको जिम्मेवारी हुन आउँछ।

- सरस्वती कुमाल, कञ्चनपुर

सामाजिक सञ्जाल

इन्टरनेटमा उपलब्ध विभिन्न इन्टरफेस नेटवर्किङ साईटहरु जस्तै- फेसबुक, ट्वीटर आदिमा गरिने अभिव्यक्तिलाई पत्रकारिताको कन्टेट मानिदैन र ती माध्यमलाई पत्रकारिताको नियमनको विषय बनाउन सकिँदैन।

Tara Nath Dahal
@tndahal7

धेरै बोझ बोकेर हिंड्नेहरु प्रायः डुब्ने गर्छन्, चाहे त्यो 'सामान' होस् या 'अभिमान'।

साजर
@saagarkhanal

दुनियाँलाई जोड्ने इन्टरनेटको कारण एक-आपसमा टाढिँदै छन् मान्छे।

Sabita Dhimal
@SabitaDhimal